Contact:
Ishwor Upreti
Rastriya Banijya Bank Ltd.
Singhadurbar Plaza,
Kathmandu
Phone 4252595 Ext.2423
rbbnl@rbb.com.np

राष्ट्रिय वाणिज्य बैंक लि.
RASTRIYA BANIJYA BANK LTD.
...तपाईंको आफ्नै बैंक

**Rastriya Banijya Bank Limited**
Singhadurbar Plaza
Kathmandu

# Press Release

Date: 2077. 10. 28

## राष्ट्रिय वाणिज्य बैंक लि.को १५औं वार्षिक साधारण सभा सम्पन्न

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको १५ औं वार्षिक साधारण सभा भर्चुअल माध्यमबाट बुधबार सम्पन्न भएको छ । साधारण सभाले ४.५० प्रतिशत लाभांश सहितको आ.व. २०७६/०७७ को वार्षिक प्रतिवेदन र विभिन्न प्रस्तावहरु पारित गरेको छ । बैंक संचालक समितिका अध्यक्ष श्री धनिराम शर्माको अध्यक्षतामा सम्पन्न सो वार्षिक साधारण सभामा अध्यक्ष शर्माले कोभिड-१९ पछिको अर्थतन्त्रलाई पुनरुत्थान गर्न नेपाल राष्ट्र बैंक तथा सरकारको नीति नियमलाई प्राथमिकताका साथ पालना गरिने बताउनुभयो ।

कोभिड-१९ को जोखिमका कारण स्वास्थ्य सुरक्षा सम्बन्धी मापदण्डको पालना गर्दै भर्चुअल (ZOOM) माध्यमबाट शेयरधनीहरुको साधारण सभामा उपस्थिति रहेको थियो ।

साधारण सभामा बैंकका शेयरधनीहरु क्रमश: नेपाल सरकार अर्थ मन्त्रालय, महालेखा नियन्त्रक कार्यालय, पर्यटन तथा नागरिक उड्यान मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय, उर्जा जलश्रोत तथा सिंचाई मन्त्रालयका प्रतिनिधि तथा सार्वसाधारण शेयरधनिहरुको प्रत्यक्ष तथा भर्चुअल माध्यमबाट उपस्थिति रहेको थियो । अध्यक्ष शर्माले प्रस्तुत गर्नुभएको प्रतिवेदन माथि शेयरधनीहरु श्री अमृतनाथ रेग्मी, श्री डम्मरु बल्लभ घिमिरे, श्री रामगोपाल महर्जन र श्री सुन्दरमान श्रेष्ठले टिप्पणी गर्नुका साथै बैंक सुधारको निमित्त विभिन्न सुझाब सहितको धारण राख्नुभएको थियो । सो टिप्पणी एवं जिज्ञासाबारे बैंक संचालक समितिका अध्यक्ष श्री धनिराम शर्माले जवाफ दिनुभएको थियो ।

सो साधारण सभामा बैंक संचालक समितिका सदस्यहरु श्री जनककुमार बराल, प्रा.डा. राजनबहादुर पौडेल, प्रा.डा. माधबप्रसाद दाहाल, श्री रोमिला ढकाल उप्रेती तथा बैंकका प्रमुख कार्यकारी अधिकृत श्री किरण कुमार श्रेष्ठ, नायब प्रमुख कार्यकारी अधिकृत श्री कबिराज अधिकारी, उपकार्यकारी अधिकृतहरु श्री सरस्वती अधिकारी, श्री देवेशप्रसाद लोहनी, श्री देवेन्द्ररमण खनालाको उपस्थिति रहेको थियो । साधारण सभामा महालेखापरीक्षकको कार्यालय र कम्पनी रजिष्ट्रारको कार्यालयका प्रतिनिधि, बैंकका कानूनी सल्लाहकारहरु, बैंकभित्र क्रियाशिल ट्रेड युनियका अध्यक्ष/पदाधिकारीहरु, आरबिबि मर्चेन्ट बैंकिङ्ग लि.का प्रमुख कार्यकारी अधिकृत लगायतका अतिथिहरुको उपस्थिति रहेको थियो । साधारण सभालाई कम्पनी सचिव श्री भोलानाथ पौडेलले सहजीकरण गर्नुभएको थियो । बैंकको हाल ७७ जिल्लामा २४५ वटा शाखा कार्यालय, २०५ वटा एटिएम र ९८ वटा शाखा रहित बैंकिङ्ग रहेको छ ।


राष्ट्रिय वाणिज्य बैंक लि.
RASTRIYA BANIJYA BANK LTD.
ष्ट्रिय वाणिज्य बैंक लिमिटेड
औं वार्षिक साधारण सभा
२८ माघ, २०७७
केन्द्रीय कार्यालय, सिंहदरबारप्लाजा, काठमाडौं


राष्ट्रिय वाणिज्य बैंक लिमिटेड